# स्थानीय राजपत्र

**भूमिकास्थान नगरपालिकाद्वारा प्रकाशित**

**खण्ड–९, संख्या : २, पौष ९ गते, २०८२ साल**

## भाग–२

**भूमिकास्थान नगरपालिका**

भूमिकास्थान नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७४ को दफा ४ (१) बमोजिम नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

कार्यविधिको नाम : **सामुदायिक सिकाइ केन्द्रमा सामुदायिक परिचालक छनौट तथा सिफारिस सम्बन्धी कार्यविधि- २०८२**

नगर कार्यपालिकाको मिति : २०८२/०९/०७ गतेको बैठकबाट पारित

प्रस्तावनाः समुदायको आवश्यकता अनुसार साक्षरता, निरन्तर शिक्षा, जीवन पर्यन्त सिप सिकाइ तथा समुदायका विकास कार्यक्रम पहिचान, व्यवस्थापन, कार्यान्वयन, तथा समन्वय र सामुदायिक सूचना केन्द्र समेतको कार्य गर्न स्थापित सामुदायिक सिकाई केन्द्र सञ्चालन तथा परिचालक व्यवस्थापनको लागि वाञ्छनीय भएकाले सामुदायिक सिकाइ केन्द्र सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७८ को नियम २२ को उपनियम ३ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को १ को अधिकार प्रयोग गरी यो सामुदायिक सिकाइ केन्द्रमा परिचालक व्यवस्था गर्ने सम्बन्धि कार्यविधि, २०८२ तयार गरिएको छ।

**परिच्छेद १**

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(क) यस कार्यविधिको नाम "सामुदायिक परिचालक छनौट तथा सिफारिस सम्बन्धी कार्यविधि, २०८२" रहेको छ।

(ख) यो कार्यविधि स्वीकृत गरेको मितिदेखि लागू हुनेछ।

(ग) यो कार्यविधि भूमिकास्थान  नगरपालिका भित्रका सामुदायिक सिकाइ केन्द्रहरुमा मात्र लागु हुनेछ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अन्य अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "सिकाइ केन्द्र" भन्नाले सामुदायिक सिकाइ केन्द्रलाई लाई सम्झनुपर्दछ।

(ख) "विषय विशेषज्ञ भन्नाले भूमिकास्थान  नगरपालिकाले करार शिक्षक तथा कर्मचारी छनौट गर्नका लागि सुचिकृत गरेका
विषय विशेषज्ञहरु सम्झनुपर्दछ।

(ग) "नगरपालिका" भन्नाले भूमिकास्थान  नगरपालिका परासी, नवलपरासी व.सु.प. लाई सम्झनुपर्दछ।

(घ) सामुदायिक सिकाइ केन्द्र परिचालक" भन्नाले सिकाइ केन्द्रका सहयोगी, सिकाइ केन्द्रका सहायक वा सामुदायिक परिचालकका रुपमा सिकाइ केन्द्रमा नियमित हाजिर भई पारिश्रमिक लिई काम गर्ने जुनसुकै सामुदायिक परिचालकलाई पनि सम्झनुपर्दछ।

(ङ) "नगर शिक्षा समिति" भन्नाले भूमिकास्थान  नगरपालिकाको नगर शिक्षा समिति लाई सम्झनुपर्दछ।

(छ) "पदपुर्ति" भन्नाले परिचालक छनौट गर्ने प्रक्रियालाई जनाउँछ।

(ज) "कार्यपालिका" भन्नाले भूमिकास्थान नगरपालिकालाई बुझाउँनेछ।

**परिच्छेद २**

**परिचालक छनौट तथा सिफारिस समितिको संरचना :**

३. परिचालकको पद / श्रेणी पद परिचालक रहनेछ श्रेणी श्रेणी विहिन हुनेछ।

४. करार सामुदायिक सिकाइकेन्द्र परिचालक छनौट समितिः

सामुदायिक सिकाइ केन्द्रमा करार सेवामा सामुदायिक परिचालक नियुक्तिको लागि सिफारिस गर्न प्रत्येक सिकाइ केन्द्रमा देहायबमोजिमको एक सामुदायिक परिचालक छनौट समिति रहनेछः

(क) सिकाइ केन्द्र व्यवस्थापन समितिका अध्यक्ष - अध्यक्ष
(ख) नगर प्रमुखले तोकेको नगरपालिकामा सुचिकृत विषय विज्ञ ( एक जना) - सदस्य
(ग) नगर प्रमुखले तोकेको प्रतिनिधी (एक जना) - सदस्य
(घ) नगरपालिकाको शिक्षा शाखा प्रमुख वा शिक्षा शाखाको अधिकृत - सदस्य सचिव

**५. सामुदायिक परिचालक छनौट समितिको सचिवालय :**
सामुदायिक परिचालक छनौट समितिको सचिवालय सम्बन्धित सामुदायिक सिकाइ केन्द्रमा रहनेछ।

**६. दरखास्त आव्हान :**

१) सामुदायिक सिकाइ केन्द्रमा रीक्त रहेको परिचालक पदको करारमा पदपूर्ति गर्नको लागि सामुदायिक सिकाइ केन्द्रले १५ दिनको अवधि दिई सूचना प्रकाशन गर्नेछ। यसरी प्रकाशन भएको सूचना कार्यालयको सूचना पाटी, वेबसाइट, सम्बन्धित वडाको सूचना पाटी र सार्वजनिक स्थानमा टाँस गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

२) उपदफा (१) वमोजिम प्रकाशित सूचना अनुसार उम्मेदवारलाई दरखास्त फाराम उपलब्ध गराउनुपर्नेछ।

३) उपदफा (२) बमोजिम उपलब्ध गराएको दरखास्त फाराम साथ उम्मेदवारले सूचनामा तोकिए बमोजिम योग्यताका कागजात / प्रमाणपत्रका प्रतिलिपि सहित तोकिएको शूल्क साथ दरखास्त फाराम भरी पेश गर्नुपर्नेछ।

४) उपदफा (३) बमोजिम रीतपूर्वक प्राप्त हुन आएका आवेदन फाराममा आवश्यक जाँचबुझ गरी योग्यता पुगेका उम्मेदवारको दरखास्त फाराम स्वीकृत गरी उम्मेदवारलाई प्रवेश पत्र उपलब्ध गराउनु पर्नेछ।

**७. बैठक सञ्चालन गर्ने विधि**
सामुदायिक परिचालक छनौट समितिको बैठक सम्बन्धी अन्य कार्यविधि प्रचलित कानून विपरित नहुने गरि समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ।

## परिच्छेद-३

**विषय विशेषज्ञको माग गर्ने :**

**८. विषय विशेषज्ञ सम्बन्धी व्यवस्था :**

(क) यस भूमिकास्थान  नगरपालिका अन्तर्गतका सामुदायिक सिकाइ केन्द्रहरुमा करार सेवामा सामुदायिक परिचालक छनौट तथा सिफारिस गर्न भूमिकास्थान  नगरपालिका करार शिक्षक तथा कर्मचारी छनौट गर्नका लागि सुचिकृत गरेका विषय विशेषज्ञहरुको सहयोग लिईनेछ।

(ख) सामुदायिक परिचालक छनौट तथा सिफारिसका लागि लिईने लिखित परीक्षा र अन्तरवार्ताको पाठ्यक्रम अनुसुचि -२ बमोजिम तोकिएको ढाँचाअनुसार प्रत्रपत्र तयारी गर्ने, उत्तरपुस्तिका परीक्षण गर्ने र अन्तरवार्ता लिने काम करार सामुदायिक सिकाइकेन्द्र परिचालक छनौट समिति मार्फत हुनेछ।

## परिच्छेद - ४

**९. सामुदायिक परिचालक सिफारस तथा सेवा सर्त सम्बन्धी व्यवस्था :**

(१) सामुदायिक परिचालक करार सेवामा पदपूर्ति गर्दा सामुदायिक सिकाइ केन्द्रको करार सामुदायिक परिचालक छनौट कार्यविधिको दफा ३ बमोजिमको समितिबाट हुनेछ।

(२) विज्ञापन अनुसार दरखास्त प्राप्त भएपछि छानविन गरी रित पुगेका दरखास्तलाई दर्ता गरी सामुदायिक सिकाइ केन्द्रले दरखास्तवालालाई तोकिए बमोजिमको दर्ता निस्सा वा प्रवेश पत्र प्रदान गर्नुपर्नेछ साथै स्वीकृत नामावलीको सुची टाँस गरी उम्मेदवारलाई लिखित तथा अन्तर्वार्ता परीक्षाको मिति र स्थान समेत जानकारी गराउनुपर्नेछ

(३) परीक्षाको प्रश्नपत्र र परिक्षा प्रणाली सामुदायिक सिकाइ केन्द्रमा सामुदायिक परिचालक छनौट तथा सिफारिस सम्बन्धी कार्यविधि २०८२ को अनुसूची २ मा भएको पाठ्यक्रम बमोजिम हुनेछ।

(४) सामुदायिक सिकाइ केन्द्रमा सामुदायिक सिकाइ केन्द्रका परिचालकको योग्यता सामुदायिक सिकाइ केन्द्र सञ्चालन तथा व्यवस्थापन मापदण्ड, २०७८ मा भएको व्यवस्था बमोजिम उमेर १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको महिला हुनुपर्ने छ।

(५) सामुदायिक परिचालकको रुपमा छनौट तथा सिफारिस भई करार सेवामा नियुक्त सामुदायिक परिचालकको पदावधि सुरुमा बढीमा एक वर्षको लागि हुनेछ। सेवाको अभिवृद्धिमा पुग्ने योगदान एवं कार्य सम्पादनको आधारमा सामुदायिक सिकाइ केन्द्रले करार थप गर्न वा नगर्न सक्नेछ, साथै यस प्रक्रियाबाट सेवामा करार गरेका सामुदायिक परिचालक कार्यरत सिकाइ केन्द्रमा सामुदायिक परिचालक सेवामा नियुक्त सामुदायिक परिचालकको आवश्यकता, औचित्य र सान्दर्भिकता पुष्टि नभएमा निजसँगको करार सम्झौता जुनसुकैबेला सामुदायिक सिकाइ केन्द्रले भङ्ग गर्न सक्नेछ वा निजलाई अन्य कामकाजमा खटाउन वा अन्य सिकाइ केन्द्रमा खटाउन सकिनेछ।

### परिच्छेद-५

**१०. छनौट परीक्षा, अन्तरवार्ता योग्यताक्रम र सेवा करार सम्बन्धी व्यवस्था :**

(१) यस कार्यविधिको दफा ३ बमोजिमको समितिले सामुदायिक परिचालक छनौट गर्दा अनुसूचि २ बमोजिमको परीक्षा लिई तोकिएको न्यूनतम प्राप्ताङ भन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेद्वारहरू मध्ये सबैभन्दा बढी अङ्ग प्राप्त गर्ने उमेद्वारलाई नियुक्तिका लागि सिफारिस गर्ने र दोस्रो उच्चतम अंक प्राप्त गर्ने उमेदवारलाई वैकल्पिक उम्मेदवार सहित सिकाइ केन्द्र समक्ष पेश गर्नुपर्नेछ।

(२) नियम १ बमोजिम छनौट तथा सिफारिस भएका उम्मेदवारलाई सिकाइ केन्द्रले निर्णय गरी अनुसुची १ बमोजिम करार सम्झौता गरी सेवामा नियुक्त गरी कामकाजमा खटाउनेछन्। नियुक्ति पत्र बुझेको मितिले बढीमा तीन दिनभित्र सम्बन्धित सिकाइ केन्द्रमा करार नियुक्ति भएको व्यक्ति हाजिर हुनुपर्नेछ, र सिफारिस भई आएको सामुदायिक परिचालकलाई नियमित कामकाज गर्न लगाई सिकाइ केन्द्रका अध्यक्षले सोको जानकारी नगरपालिकालाई दिनुपर्नेछ।

(३) तपसिल बमोजिमको अवस्थामा सिकाइ केन्द्र व्यवस्थापन समितिले वैकल्पिक सूचीमा रहेका उम्मेद्वारलाई करारमा नियुक्ति गर्न सक्नेछ।

क) सिफारिस गरेको उम्मेद्वारले १५ दिनको समय भित्र पनि नियुक्ति नलिएमा।

ख) सिफारिस गरेको उम्मेद्वारको १ वर्ष भित्रमा मृत्यु भएमा।

ग) सिफारिस गरेको उम्मेद्वारको १ वर्ष भित्रमा राजिनामा दिएमा।

घ) सिफारिस गरेको उम्मेद्वारले नियुक्ति लिएको ७ दिन भित्र हाजिर नभएमा।

### परिच्छेद-६

**११. सामुदायिक परिचालकको सेवा, सर्त, सुविधा सम्बन्धी व्यवस्था :**

१) सामुदायिक सिकाइ केन्द्रमा कार्यरत परिचालकको मासिक तबल र अन्य सेवा सुविधा नेपाल सरकार र भूमिकास्थान  नगरपालिकाले तोकेबमोजिम हुनेछ।

२) सामुदायिक सिकाइ केन्द्रमा कार्यरत परिचालकले वार्षिक १२ दिन क्या.वि./ पर्व विदा र १२ दिन बिरामी विदा लिन सक्नेछन् ।

**१२. विविध :**

१) थपघट, व्याख्या र हेरफेर यस कार्यविधि कार्यान्वयनका क्रममा कुनै बाधा अवरोध वा अस्पष्टता भएमा त्यस्तो बाधा अड्चन फुकाउने प्रयोजनका लागि नगरकार्यपालिकाले यस कार्यविधिमा आवश्यकता अनुसार व्याख्या, चपघट र संशोधन गर्न सक्नेछ । साथै यस कार्यविधिमा उल्लेख नभएका विषयका हकमा नगर शिक्षा समितिको निर्णय, सामुदायिक परिचालक सेवा सम्बन्धी र अन्य प्रचलित कानुनमा भएको व्यवस्था अनुसार हुनेछ ।

२) **खारेजी र बचाउ** (क) यस कार्यविधिमा उल्लेख भएका कुनै पनि प्रावधान प्रचलित ऐन कानुन सँग बाझिएमा बाझिएको हद सम्म स्वतः खारेज हुनेछ ।
(ख) यस कार्यविधि जारी हुनु अगाडी करार सेवामा सामुदायिक परिचालक नियुक्ति लागि भएका प्रक्रिया यसै बमोजिम भएको मानिनेछ

## अनुसुची १
## करार सम्झौता

श्री. .....................................सामुदायिक सिकाइ केन्द्र, भूमिकास्थान नगरपालिका बडा नं...... (यसपछि पहिलो पक्ष भनिएको) र ................................ जिल्ला वडा नं. ........ बस्ने श्री ..................................................(यसपछि दोश्रो पक्ष भनिएको) का बीच .................................................. सामुदायिक सिकाइ केन्द्र, भूमिकास्थान नगरपालिका वडा नं ..... सामुदायिक सिकाइ केन्द्र परिचालक पदमा कामकाज गर्न गराउन मिति .......................... अर्घाखाँची जिल्ला भूमिकास्थान नगरपालिका भनिएको) का बीच श्री भूमिकास्थान नगरपालिकाको छनौट समितिको निर्णय अनुसार देहायका कार्य र सर्तको अधिनमा रहि दोश्रो पक्षले पहिलो पक्षलाई सेवा उपलब्ध गराउन मन्जुर भएकाले यो करारको संझौता गरी एक एक प्रति आपसमा बुझि लियौ दियौ।

**शर्तहरुः**

१. कामकाज सम्बन्धमा दोस्रो पक्षले आफुलाई तोकिएको संलग्न कार्य विवरण अनुसारको कार्य पहिलो पक्षले तोकेको समय र स्थानमा उपस्थित भई गर्नु पर्नेछ र आवश्यकतानुसार थप काम गर्नु पर्नेछ।

२. करारमा काम गरे बापत पाँउने पारिश्रमिक प्रत्येक महिना व्यतित भएपछि पहिलो पक्षले दोश्रो पक्षलाई नियमानुसार करार सम्झौता बमोजिमको सेवा सुविधा उपलब्ध गराउनेछ।

**३. आचरणको पालनाः** दोश्रो पक्षले प्रचलित कानूनमा व्यवस्था भएका आचरण तथा अनुशासन सम्बन्धी व्यवस्थाहरु पालना गर्नु पर्नेछ।

४. **विदाः** दोस्रो पक्षलाई सार्वजनिक बिदा र परिच्छेद ६ मा उल्लेखित बाहेक अन्य कुनै पनि किसिमको विदा उपलब्ध हुने छैन। साथै सामुदायिक सिकाइ केन्द्रको लागि आवश्यक परेको खण्डमा बिदाको दिनमा पनि सेवा उपलब्ध गराउनु पर्नेछ। यसरी सार्वजनिक बिदाको दिनमा सामुदायिक सिकाइ केन्द्रमा काम लगाए बापत मासिक करार रकमको दामासाहीले रकम दोश्रो पक्षलाई दिईनेछैन।

५. सामुदायिक सिकाइ केन्द्रको सम्पत्तिको सुरक्षाः दोस्रो पक्षले सामुदायिक सिकाइ केन्द्रको चल अचल सम्पत्तिको नोक्सानी वा हिनामिना गरेमा सो को क्षतिपूर्ति वा हानी नोक्सानीको बिगो दोश्रो पक्षले पहिलो पक्षलाई दिनु पर्नेछ।

**६. गोप्यताः** दोस्रो पक्षले सामुदायिक सिकाइ केन्द्रको कागजपत्र, जिन्सी सामान एवं गोप्य कुरा वा कागजात कुनै अनधिकृत व्यक्ति वा देशलाई उपलब्ध गराएको प्रमाणित भएमा दोस्रो पक्षलाई करारबाट हटाई सोबाट भएको हानी नोक्सानीको क्षतिपूर्ति दोश्रो पक्षवाट भराईनेछ र कालो सूचीमा समेत राखिनेछ।

**७. करार अवधिः** यो करार.................................. देखि लागु भई ...................................सम्मको लागि हुनेछ।

**८. कार्यसम्पादन मूल्याङ्कनः** पहिलो पक्षले दोस्रो पक्षको कार्य सम्पादन मूल्यांकन गर्ने र सो मूल्यांकन गर्दा सालवसाली निरन्तरता दिन उपयुक्त देखिएमा करार निश्चित अवधिको लागि थप हुन सक्नेछ।

**९. पारिश्रमिक कट्टी र करार सेवाको शर्तको अन्त्यः** दोश्रो पक्षले पहिलो पक्षलाई सेवा सर्त सम्बन्धमा भएको व्यवस्था अनुसार सेवा उपलब्ध नगराएमा, सन्तोषजनक सेवा दिन नसकेमा अनुपस्थित रहेको अवधिको पारिश्रमिक दामासाहिले कट्टा गरिनेछ र सो भन्दा बढी सेवा नगरेमा स्वतः यो संझौता पहिलो पक्षले रद्ध गरी अर्को व्यवस्था गर्न बाधा पर्ने छैन। दोश्रो पक्षले शारिरीक रुपमा अस्वस्थ भई वा अन्य कुनै कारणले सेवा दिन असमर्थ भएमा वा काम सन्तोषजनक नभएमा वा आचरण सम्बन्धी कुराहरु बराबर उल्लघन गरेमा १ वर्ष नपुगेको भएता पनि दोश्रो पक्षसंगको संझौता रद्ध गर्न सक्नेछ र निजको सट्टा अर्को व्यक्ति करारमा राखि काम लगाउन बाधा पर्ने छैन।

**१०. दाबी नपुग्नेः** दोश्रो पक्षले यस करार बमोजिम काम गरेकै आधारमा पछि कुनै पनि पदमा नियुक्तिका लागि दाबी गर्न पाँउने छैन र गर्ने छैन।

**११. प्रचलित कानून लागू हुनेः** यस संझौतामा उल्लेख नभएको कुरा प्रचलित नेपाल कानून बमोजिम हुनेछ।

कार्यालयको छापः

| | |
|---|---|
| दोस्रो पक्षको तर्फबाट | पहिलो |
| पक्षको तर्फबाट : | |
| हस्ताक्षर : | हस्ताक्षर: |
| नाम: | नाम: |
| पद : सामुदायिक परिचालक | पदः |
| स्थायी ठेगाना : | मितिः |
| मितिः | |

**अनुसुची -२**

सामुदायिक सिकाइ केन्द्रका सामाजिक परिचालक करार पदपुर्ति सम्बन्धी कार्यविधि, २०८२ बमोजिमको पाठ्यक्रम

भूमिकास्थान नगरपालिका अन्तर्गत रहेका सामुदायिक सिकाइ केन्द्रहरुमा रिक्त हुने सामुदायिक सिकाई केन्द्र परिचालक करारमा पदपुर्ति गर्न खुला प्रतियोगितात्मक परिक्षाको पाठ्यक्रम।

## भूमिकास्थान नगरपालिका, नुवाकोट, अर्घाखाँची

**सामुदायकि सिकाइ केन्द्रमा रिक्त हुने परिचालिका पदपूर्तीको लागि लिईने परीक्षाको पाठ्यक्रमः-**

**१.प्रथम चरण**

**क) बस्तुगत परीक्षा (Objective Test) पूर्णाङ्कः ४०**

**२. द्धितीय चरण**

**क) विषयगत परीक्षा (Subjective Test) पूर्णाङ्कः ६०**

**३. अन्तिम चरण**

**क) सामान्य कम्प्युटर सीप परीक्षण पूर्णाङ्कः ५**

**ख) अन्तर्वाता पूर्णाङ्कः १५**

**लिखित परीक्षाको योजना (Written Examination Scheme)**

| प्रथम चरण | पूर्णाङ्क | उत्तीर्णाङ्क | प्रश्न संख्या | प्रति प्रश्न अङ्कभार | परीक्षा प्रणाली | समय |
|---|---|---|---|---|---|---|
| सामान्य परीक्षा /वस्तुगत) (बहुबैकल्पिक प्रश्नहरु) | ४० | २० | २० | २ | वस्तुगत / बहुवैकल्पिक | ३० मिनेट |
| **द्धितीय चरण** | | | | | | |
| विषयगत परीक्षा | ६० | २४ | ६ | १० | विषयगत / विश्लेषणात्मक | २ घण्टा ३० मिनेट |

**सामान्य कम्प्युटर सीप परीक्षण (General Computer Skill Test)**

| विषय | पूर्णाङ्क | परीक्षा प्रणाली | विषयवस्तुको शीर्षक | अङ्क | समय |
|---|---|---|---|---|---|
| कम्प्युटर सीप परीक्षण | ५ | प्रयोगात्मक | Devanagari Typing | १अंक ५. | ५ मिनेट |
| | | | English Typing | १अंक ५. | ५ मिनेट |
| | | | MS-word, Ms-Exel | २ अंक | ५ मिनेट |

**अन्तर्वार्ताको योजना (Interview Examination Scheme)**

१. **शैक्षिक योग्यता वापत ५ अंक**
परचालिकाको रुपमा सेवा प्रवेश गर्न तोकीएको न्यूनतम शैक्षिक योग्याताको प्रथम श्रेणी भएमा पाँच द्वितीय श्रेणी भए चार अकं र तृतीय भए ३ अंक,

२. **अन्तर्वार्ता वापत १० अंक** ( व्यक्तित्व/आचरण-३, विषयवस्तुको ज्ञान -४, प्रस्तुतीकरण-३)

तर अन्तर्वार्ताको अंक दिदां कुनै उम्मेदवारलाई ३५ प्रतिशत भन्दा कम र ७० प्रतिशत भन्दा बढी दिनुपर्ने भएमा त्यस्तो नम्वर दिनुपर्ने स्पष्ट कारण खुलाउनु पर्नेछ।

**खण्ड –क. वस्तुगत प्रश्नहरु(सामान्य ज्ञान) पूर्णाङ्क : ४०, उत्तीर्णाङ्कः २०, समयः- ३० मिनेट**

| क्र.सं. | विषयबस्तु तथा क्षेत्र | प्रश्न संख्या | एक प्रश्नको अकंभार |
|---|---|---|---|
| १ | स्थानीय तह सम्बन्धी सामान्य जानकारी | २ | २ |
| २ | नेपालमा साक्षरता शिक्षा सम्बन्धी व्यवस्था र यस सम्बन्धी नेपालमा भएका प्रयासहरु | २ | २ |
| ३ | अनौपचारिक शिक्षा सम्बन्धी व्यवस्था र नेपालमा भएका प्रयासहरु | २ | २ |
| ४ | दुर शिक्षा सम्बन्धी व्यवस्था र नेपालमा भएका प्रयासहरु | १ | २ |
| ५ | शिक्षाको अर्थ, परिभाषा र प्रकार | १ | २ |
| ६ | दर्ता, चलानी , पत्रव्यवहार र फाइलिङ | २ | २ |
| ७ | कार्यालय व्यवस्थापनमा सूचना तथा सञ्चार | २ | २ |
| ८ | सामुदायिक सिकाइ केन्द्रको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७८ | ३ | २ |
| ९ | नेपालको संविधानमा शिक्षा सम्बन्धी व्यवस्था | २ | २ |
| १० | शिक्षा ऐन, २०२८ (संशोधन सहित); शिक्षा नियमावली, २०५९ (संशोधन सहित),स्थानीय सरकार संचालन ऐन २०७४ शिक्षा ) (सम्बन्धि व्यवस्था | ३ | २ |

**विषयगत परीक्षाको पाठ्यक्रम पूर्णाङ्कः-६० उत्तिर्णाङ्कः- २४ समयः- २ घण्टा ३० मिनेट**

**<u>खण्ड- क</u>**

| क्र.सं. | विषय बस्तुको क्षेत्र | प्रश्न संख्या | अकंभार |
|---|---|---|---|
| १ | परिचालिकाको काम, कर्तव्य र अधिकार | १ वटा | १० |
| २ | सिकाइ केन्द्र व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार | | |
| ३ | कार्यालय व्यवस्थापनमा सूचना तथा सञ्चार | १ वटा | १० |
| ४ | व्यक्तिगत स्वच्छता तथा वातावरणीय सरसफाइः व्यक्तिगत सरसफाइ, वातावरणीय सरसफाइ, फोहोरव्यवस्थापन | | |
| ५ | विद्यालय समुदाय सम्बन्धः विद्यालयको विकासमा समुदायको सहभागिता र दायित्व, समुदायको विकासमा विद्यालयको योगदान, | १ वटा | १० |

| | | | |
|---|---|---|---|
| | विद्यालय र समुदाय बीच सम्बन्ध | | |

**खण्ड- ख**

| क्र.सं. | विषय बस्तुको क्षेत्र | प्रश्न संख्या | अंकभार |
|---|---|---|---|
| १ | पत्र व्यवहारः परिचयचिठिका ,पत्रका गुणहरु /उद्धेश्य र चिठि , (प्रयोग र प्राथमिकताको आधारमा)प्रकार | १ वटा | १० |
| २ | दर्ता र चलानी<br>सूचनाः परिपत्रतोक आदेश , | | |
| ३ | अभिलेख व्यवस्थापनः अभिलेखको परिचयअभिलेखको उद्धेश्य र , प्रकार | १ वटा | १० |
| ३ | टिप्पणि लेखनटिप्पणि तयार पार्दा ध्यान दिनुपर्ने कुराहरु , | | |
| ४ | प्रतिवेदन लेखनःतयार पार्दा ध्यान दिनुपर्ने कुराहरु र प्रकार ,परिचय - | १ वटा | १० |
| ५ | फाईलिङः परिचय आवश्यकता विधि ,एवम् तरिकाहरु, बैठक व्यवस्थापन तथा निर्णय अभिलेख | | |

**द्रष्टव्यः**

**१.** सामान्य परीक्षा (वस्तुगत/ (बहुबैकल्पिक प्रश्नहरु) को लागि ३० मिनेट समय निर्धारण गरीएको छ।

**२.** विषयगत परीक्षाको लागि २ घण्टा ३० मिनेट समय निर्धारण गरिएको छ।

**३.** विषयगत प्रश्नको हकमा तोकिएको अंकभार नबढ्ने गरी लामो प्रश्न वा एउटै प्रश्नमा एक भन्दा बढि पुच्छे प्रश्न पनि सोध्न सकिने छ ।

**४.** सामान्य परीक्षा (वस्तुगत/ (बहुबैकल्पिक प्रश्नहरु) का प्रश्नको गलत उत्तर दिएमा प्रत्येक गलत उत्तर वापत २० प्रतिशत अकं कट्टा गरिनेछ तर उत्तर नदिएमा अंक कट्टा गरिने छैन।

**५.** यस पाठ्यक्रम अन्तर्गतका विषयमा जेसुकै लेखिएको भएतापनि पाठ्यक्रममा परेका कानून(ऐन, नियम) तथा नितिहरु परीक्षाको मिति भन्दा ३ महिना अगाडी संशोधन भएका वा संशोधन भई हटाईएका वा थप गरी कायम रहेकालाई यस पाठ्यक्रममा परेको सम्झनु पर्दछ।

**६.** सामान्य परीक्षा (वस्तुगत/ (बहुबैकल्पिक प्रश्नहरु) मा उत्तिर्ण गरेका उमेदवारहरुलाई मात्र विषयगत परीक्षामा सम्मिलित गराईनेछ।

**७.** यो पाठ्यक्रम कार्यविधि स्वीकृत भएको मितिदेखि लागूहुनेछ ।

आज्ञाले
जग्दिश चन्द्र नेपाली
प्रमुख प्रशासकीय अधिकृत